# श्री सर्वोच्च अदालत

## प्रिन्टर, डि एस एल राउटर, म्यानेजेवल स्वीच र नन्म्यानेजेवल स्यूच खरिद सम्बन्धि
## शिलवन्दि दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति ०६८।९।२२

यस अदालतको लागि आवश्यक भएका तपसिल बमोजिमका सामानहरु दरभाउपत्रबाट खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फर्महरुबाट दरभाउपत्र आव्हान गरिएको छ । टेक्निकल स्पेसिफिकेसन दरभाउपत्र फाराम साथ संलग्न छ । दरभाउपत्र फाराम फिर्ता नहुने गरि तपसिलमा उल्लेखित प्रत्येक प्याकेजको छुटटाछुटटै शुल्क तिरि नगदी रसिद साथ कारोबार दर्ता ,मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र र आ.व. ०६७/६८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत राखी निवेदन पेश गरेमा यस अदालतको आर्थिक प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ । दरभाउपत्र फारामहरु १५ दिन भित्र खरिद गरि १६ औं दिनको १२ बजे सम्म दर्ता गरिसक्नु पर्नेछ, रित पुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सोही दिन १४:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । कारणवस दरभाउपत्र विक्रि गर्ने र दर्ता गर्ने वा खोल्ने दिन विदा परेमा विदापछि अड्डा खुलेको पहिलो दिनमा सोही समयमा क्रमशः गरिनेछ । दरभाउ सम्बन्धी अन्य शर्तहरु दरभाउ फाराममा उल्लेख गरिएको छ ।

१. दरभाउपत्रदाताले दिने सामानको मूल्य मुल्य अभिवृद्धि कर बाहेक शिलबन्दी दरभाउपत्रमा अंक र अक्षरमा स्पष्ट लेखी दरभाउपत्र फारमको प्रत्येक पानामा दरभाउपत्रदाताको पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र धरौटी बापत तपशिलमा उल्लेखित रकम यस अदालतको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं.स.अ. १३१२११।०६८ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको यस अदालतको पक्षमा जारी भएको मान्यता प्राप्त बैंकको विड वण्ड (बैंक जमानी पत्र) संलग्न गरी शिलवन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री सर्वोच्च अदालत, काठमाडौं आ.व. ०६८।०६९ को लागि सप्लाइ गर्ने सामानको ब्यहोरा सहित दरभाउपत्र फाराम र पेश गर्नेको ठेगानामा दरभाउपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ ।
२. दरभाउपत्र दाता आधिकारिक सोल एजेन्ट तथा डिलर दरभाउपत्रदाताका सम्वन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैले एजेन्सी सम्वन्धि वा डिलरशीप सम्वन्धि आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ सो को प्रमाणित वा सक्कल पत्र दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न देहायका कागजपत्रहरुको प्रमाणित प्रतिलिपी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
   क. आ.व. ०६८/०६९ सम्म मान्य भएको फर्म दर्ता प्रमाणपत्र वा इजाजत पत्र
   ख. VAT दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता( Pan number) प्रमाणपत्र
   ग. आ.व. २०६७/०६८ सम्मको कर चुक्ता (Tax Clearance) वा कर विवरण पेश गरेको कागजात
४. दरभाउपत्र फाराममा दररेट अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. रीत नपुगी वा दरभाउपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
६. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ ।
७. दर्ता भएका दरभाउपत्रहरुमा दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राहृय भएका दरभाउपत्रहरुबाट मात्र छनोट गरिनेछ ।
८. यस सुचनामा र दरभाउलपत्र फारामको उल्लेखित सर्तमा कुनै कुरा बांझिन गएमा दरभाउपत्र फारामको सर्तलाइ मान्यता दिइनेछ ।
९. दरभाउपत्र साथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पव्लिकवाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
१०. वोलपत्र सम्वन्धी सूचना यस अदालतको वेभसाइट www.supremecourt.gov.np मा पनि हेर्न सकिन्छ।
११. यस सम्बन्धी थप बुझ्नु परेमा यस अदालतको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।
१२. यस सूचनामा उल्लेख नभएका विषयमा सार्बजनिक खरिद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| सुचना नं | सप्लाइ गर्नु पर्ने सामान | संख्या | दरभाउपत्र फारम दस्तुर | न्यूनतम जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|
| ११ । २०६८/६९ | प्रिन्टर | ५० | ३००।०० | २२,०००। | |
| १२ । २०६८/६९ | डि एस एल राउटर, | ३० | ३००।०० | २७,०००। | |
| १३ । २०६८/६९ | म्यानेजेवल स्वीच | २० | ३००।०० | २४,०००। | |
| १४ । २०६८/६९ | नन्म्यानेजेवल स्वीच | २० | ३००।०० | १८,०००। | |